नेपाल सरकार
# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः क.प्र.(कृषि)०७४/७५
च.नं.: ९५०४

मितिः २०७५।०३।३१

विषयः कर्मचारीहरुको हाजिर तथा कार्य सम्पादन मूल्याङ्कन फाराम दर्ता सम्बन्धमा ।

श्रीमान् महानिर्देशकज्यू,
कृषि विभाग, हरिहरभवन ।

नेपाल सरकारबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी गरी मिति २०७४।६।२९ गते सम्माननीय राष्ट्रपतिबाट समेत प्रमाणिकरण भई लागू भैसकेको । सो ऐनको दफा १०४ अनुसार "नेपाल सरकारका विषयगत मन्त्रालयले संविधान र यस ऐन बमोजिम गाउँपालिका तथा नगरपालिकालाई प्राप्त अधिकारलाई आधार मानी यो ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र आफू मातहतका निकायहरुको संगठनात्मक संरचना पुनरावलोकन गरी गाँउपालिका वा नगरपालिकाको कार्य जिम्मेवारी अनुसार सम्बन्धित नाममा रहेको सम्पति, दायित्व तथा बजेट सम्बन्धित गाँउपालिका वा नगरपालिकामा स्थानन्तरण हुने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ" भन्ने प्रावधान अनुरुप हाल जिल्ला कृषि विकास कार्यालयहरुले संचालन गर्दै आएका, कृषि प्रसार सम्बन्धी कृयाकलापहरु स्थानीय तहबाट र अन्य कृषि सम्बन्धी कार्यहरु ३ वटै तहबाट संचालन गर्नुपर्ने देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि क्षेत्रको सांगठनिक संरचनाको पुनरावलोकन कार्य, जिल्ला कृषि विकास कार्यालयहरुले संचालन गर्दै आई रहेका कार्यक्रमहरु तथा जनशक्ति समायोजन भई नसकेको कारणले नेपाल सरकार (मन्त्रिपरिषद) मा मिति २०७४।१२।२७ को निर्णयबाट उल्लेखित कार्यालयहरुको हस्तान्तरण गर्ने अवधि मिति २०७५ असार मसान्तसम्म कायम रहने गरी अन्तरिम व्यवस्था गरिएको ।

हाल कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि क्षेत्रको सांगठनिक संरचनाको पुनरावलोकनको कार्य सम्पन्न भई सके पनि प्रस्तावित संगठन संरचना नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत भई आई नसकेकोले मिति २०७५।०४।०१ देखि कर्मचारीहरुको समायोजन तथा नयाँ संगठन संरचना अनुसार कार्य संचालन गर्न सकिने अवस्था नदेखिएको र निजामती सेवा ऐन/नियमावली अनुसार प्रत्येक आर्थिक वर्षको श्रावण महिनाको पहिलो साता भित्र कार्य सम्पादन मूल्याङ्कन फाराम भरी आफू कार्यरत निकायमा दर्ता गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । तसर्थ त्यस्ता कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई मिति २०७५ साउन ०१ गते देखि अर्को व्यवस्था नभएसम्मका लागि हाजिरी तथा नि.से.नि. बमोजिमको व्यवस्था अनुरुप कर्मचारीहरुको यस आर्थिक वर्ष (२०७४।०७५) अवधिको कार्य सम्पादन मूल्याङ्कन फाराम दर्ता गर्ने कार्यको लागि तपसिल बमोजिमको अन्तरिम व्यवस्था गर्न नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।०३।३१ को निर्णयानुसार अनुरोध छ ।

फोन नं. ४२११६३८, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५

# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:
च.नं.:

## तपसिल

हाजिरी सम्बन्धमा:

१. क्षेत्रीय कृषि निर्देशनालय, जिल्ला कृषि विकास कार्यालयहरुमा पदाधिकार रहेका, सोही कार्यालयमा काजमा खटिएका कर्मचारीहरुले साविककै कार्यालयमा अर्को व्यवस्था नभएसम्म ठाडो हाजिर गर्ने व्यवस्था मिलाउने ।

कार्य सम्पादन मूल्याङ्कन फाराम दर्ता सम्बन्धमा:

१. कृषि विभाग, खारेजीमा नपरेका निकाय, फार्म केन्द्र, प्रयोगशाला, तालिम केन्द्रहरुले साविककै निकायमा यस अघिका आ.व.हरुमा अवलम्वन गरिएको पद्दति बमोजिम नै का.स.मु. दर्ता गर्ने ।

२. कृषि विभाग मातहत रहेका खारेजीमा परेका कार्यक्रम निर्देशनालय, राष्ट्रिय कार्यक्रम र कार्यालयमा फाजिलमा परेका कर्मचारीको हकमा कृषि विभागमा का.स.मू दर्ता गर्ने ।

३. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय मातहतका खारेजीमा परेका क्षेत्रीय निर्देशनालयका कर्मचारीहरुले अर्को व्यवस्था नभएसम्म प्रदेशको भूमि, कृषि तथा सहकारी मन्त्रालयमा कार्य सम्पादन मूल्याङ्कन फाराम दर्ता गर्ने ।

४. जिल्ला कृषि विकास कार्यालय खारेजी भए पश्चात तहाँका कर्मचारीहरुको व्यवस्थापनको लागि अर्को व्यवस्था नभएसम्म सम्बन्धित जिल्लामा रहेका प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको सुपरजोन र जोन कार्यान्वयन ईकाइहरुमा र उक्त इकाई नभएका जिल्लाहरुका हकमा सम्बन्धित जिल्लाका जिल्ला मालपोत कार्यालयहरुमा कार्य सम्पादन मूल्याङ्कन फाराम दर्ता गर्ने ।

५. स्थानीय तहमा खटिएका कर्मचारीहरुको हकमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, जोन तथा सुपरजोन कार्यान्वयन ईकाइहरुमा र सो इकाई नभएका जिल्लाहरुमा सम्बन्धित जिल्लाका जिल्ला मालपोत कार्यालयहरुमा दर्ता गर्ने ।

६. प्रदेशको भूमि, कृषि तथा सहकारी मन्त्रालयमा खटिएका कर्मचारीहरुको हकमा कार्य सम्पादन मूल्याङ्कन फाराम दर्ता सम्बन्धित प्रदेश मन्त्रालयमा गर्ने व्यवस्था मिलाउने ।

(कल्पना घिमिरे)
उप-सचिव

बोधार्थ:
श्री भूमि व्यवस्था तथा अभिलेख विभाग,
बबरमहल: सम्बन्धित जिल्ला मालपोत कार्यालयहरुलाई जानकारी गराउनु हुन ।